बैठक संख्याः ११।२०८१

बैठक मितिः २०८१।४।४, समयः विहान ११:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।४।४ गते शुक्रबार विहान ११:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक वसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री रंजित कुमार चौधरी | का.वा.वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| **<u>सहयोगी कर्मचारी</u>** | | | |
| १ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सुमन पौडेल | अधिकृत | |
| ३ | श्री प्रविन साह | सव-ईन्जिनियर | |

४. श्री संदिप कुमार झा — इन्जिनियर

५. श्री प्रकाश मेहता — इन्जिनियर

६. त्रिराजन ओझा — कानुन/अधिकृत

७. दुर्गेश कुमार विश्वकर्मा - आधिकृत ईटि.

बैठक संख्याः ११।२०८१

बैठक मितिः २०८१।४।४, समयः विहान ११:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१. प्रस्ताव नं. १ : आ.व.२०८१।०८२ को लागि नगर दररेट निर्धारण सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : उपभोक्ता समितिको लागत सहभागिता सम्वन्धमा ।

३. प्रस्ताव नं. ३ : कर्मचारीलाई ईन्धन वितरण सम्वन्धमा ।

४. प्रस्ताव नं. ४ : दोहोरो सुविधा हटाउने सम्वन्धमा ।

५. प्रस्ताव नं. ५ : नगर प्रमुखको काठमाणडौं भ्रमण सम्वन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

रामधुनी नगरपालिकावाट आ.व.२०८१।०८२ मा योजना तथा कार्यक्रमहरु संचालन प्रयोजनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ मा व्यवस्था भए वमोजिम रामधुनी नगरपालिका क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको दररेट सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा वसेको जिल्ला दररेट निर्धारण समितिको वैठकवाट सुनसरी जिल्लाको आ.व.२०८१।०८२ को लागि निर्धारण गरिएको दररेटलाई नै प्रयोग गर्ने गरी स्थानीय दररेट तोक्ने निर्णय गरियो ।साथै, सुनसरी जिल्लाको दररेटमा समावेश नभएका विषयहरुको हकमा मोरङ्ग जिल्लाको आ.व.२०८१।०८२ को लागि निर्धारण गरिएको दररेटलाई प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

रामधुनी नगरपालिकाको मिति २०८१।३।१० गते सम्पन्न सोहौं नगर सभा अधिवेशन वैठकको निर्णय नं.१२ वाट रामधुनी नगरपालिकाबाट (वडास्तरीय समेत) उपभोक्ता समिति मार्फत योजनाहरु संचालन गर्दा उपभोक्ता समितिको लागत सहभागिताको अंश न्यूनतम २०% निर्धारण गर्ने र लागत सहभागिता छुटको व्यवस्था सम्वन्धमा आ.व.२०८१।०८२ मा वस्ने पहिलो नगर कार्यपालिकाको वैठकको निर्णयानुसार गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय भए वमोजिम देहाय वमोजिमको योजनाहरु संचालन गर्दा उपभोक्ता समितिको लागत सहभागिता नलाग्ने निर्णय गरियो।

**देहाय**

क. मठ/मन्दिर एवं धार्मिक क्षेत्रको संरचना निर्माण

ख. सामुदायिक विद्यालयको पूर्वाधार निर्माण

ग. विपदको घटना घटे पश्चात गरिने संरचनाको निर्माण ।

CamScanner

बैठक संख्याः ११।२०८१
बैठक मितिः २०८१।४।४, समयः विहान ११:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ३**

रामधुनी नगरपालिकामा कार्यरत सरकारी दुई पांग्रे सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुलाई र कर्मचारीको निजी वा एकाघरको परिवारको सदस्यको नामको दुई पाग्रे सवारी साधन प्रयोग गर्ने कर्मचारीले सवारी साधनको दर्ताको ब्लुवुकको प्रतिलिपि पेश गरेमा देहाय वमोजिमको दरमा मासिक ईन्धन (पेट्रोल) उपलव्ध गराउने निर्णय गरियो ।

क. प्रत्येक प्राविधिक ईन्जिनियर कर्मचारीलाई-मासिक १५ (पन्ध्र) लिटरको दरले
ख. अन्य प्राविधिक कर्मचारीलाई- मासिक १०(दश) लिटरको दरले
ग. शाखा प्रमुखहरुलाई-१२(वाह) लिटरको दरले
घ. अन्य कर्मचारीलाई- मासिक ७ (सात)लिटरको दरले
ङ. प्रध्यानाध्यापकहरुलाई मासिक ५(पाँच)लिटरको दरले
च. स्वास्थ संस्थामा कार्यरत प्रमुखहरुलाई मासिक ७(सात)लिटरको दरले

**निर्णय नं. ४**

रामधुनी नगरपालिका अन्तर्गतका केही वडामा महिला स्वास्थ स्वंयसेवीका र वालविकास सहजकर्ता तथा कर्मचारीको रुपमा एकै व्यक्ति कार्यरत रही दोहोरो सुविधा लिदै आएकोमा चालु आ.व.२०८१।०८२ को शुरुवाटै दोहोरो नपर्ने गरी सम्वन्धित शाखाले व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरी लगायतका पदाधिकारीहरु रामधुनी नगरपालिका अन्तर्गत वक्लौरीमा निर्माण हुने भनिएको १५ शैयाको अस्पत्तालको ठेक्का अन्त्य भई उक्त योजना निर्माणमा अवरोध भएको सन्दर्भमा स्वास्थ मन्त्रालयमा वजेट व्यवस्था लगायत विभिन्न मन्त्रालयहरुमा नगरपालिकाको कामले मिति २०८१।४।७ गते देखि काठमाण्डौ तर्फ जान पर्ने भएकोले स्वीकृति दिने निर्णय गरियो।